नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः-
च.नं.

# प्रेस विज्ञप्ति

माननीय मन्त्री श्री जीवनराम श्रेष्ठज्यूको उपस्थितिमा मन्त्रालयका सचिव लगायत पदाधिकारी, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक र सम्बद्ध पदाधिकारी, नेपाल वायुसेवा निगमका अध्यक्ष र सम्बद्ध पदाधिकारीबीच मिति २०७९।७।१३ का दिन नेपाल वायुसेवा निगमको काठमाण्डौ-दिल्ली उडान हुन नसकेको विषयमा छलफल भई मन्त्रालयबाट देहाय अनुसार गर्ने गरी निर्देशन भएको व्यहोरा सम्बद्ध सबैको जानकारीको लागि अनुरोध छ ।

१. मिति २०७९।७।१३ का दिन नेपाल वायुसेवा निगमको काठमाण्डौ-दिल्ली उडान हुन नसकी यात्रुहरु अलपत्र परेको सम्वन्धमा निगमबाट भएका कमी कमजोरीप्रति निगमले क्षमायाचना गर्दै आगामी दिनमा यस्तो गल्ती दोहोरिन नदिन प्रतिवद्धता सहित विज्ञप्ती जारी गर्ने ।
२. मिति २०७९।७।१३ मा उडान हुन नसकी अलपत्र परेका यात्रुहरुलाई नेपाल वायुसेवा निगमले पहिलो प्राथमिकता दिई गन्तव्यमा पठाउने ।
३. गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नेपाल नागरिक उड्डयन प्राधिकरणले निर्धारण गरे वमोजिम उडान गर्नेगरी नेपाल वायुसेवा निगमले उडान योजना (Flight Plan) यसै साताभित्र पेस गर्ने ।
४. हवाई सुरक्षालाई उच्च प्राथमिकतामा राखे । नेपाल वायुसेवा निगमलाई परेका समस्याहरु यथासमयमा मन्त्रालयमा जानकारी गराउने ।

राजेन्द्र कुमार के.सी.
सहसचिव एवं प्रवक्ता